**नेपाल विद्युत प्राधिकरण**
**आयोजना व्यवस्थापन निर्देशनालय**
**सामाजिक सुरक्षण तथा वातावरण व्यवस्थापन विभाग**
**मातातिर्थ, काठमाडौं**

# घर/फ्ल्याट भाडामा लिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२।०९।०२**

नेपाल विद्युत प्राधिकरण, मर्स्याङ्दी कोरिडोर २२० के.भी. प्रशारण लाईन आयोजनाको वातावरण तथा सामाजिक व्यवस्थापन इकाई (ESMU) स्थापना गर्न तपशिलमा उल्लेखित क्षेत्र/स्थानमा घर बहालमा लिनुपर्ने भएकोले इच्छुक घर धनीहरुबाट आफुले चाहेको घरको मासिक बहाल रकम(कर समेत) उल्लेख गरी नेपाली रुपैयांमा अंक र अक्षर दुबैमा प्रप्ट खुलाई मिति २०८२।०९।१६ भित्र दिउँसो ४:०० बजेसम्ममा विभागको कार्यालय, मातातीर्थ, काठमाण्डौमा आईपुग्ने गरी रीतपूर्वक शिलबन्दी दरभाउपत्रको प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

**१.क्षेत्र/स्थान:**

तनहुँ जिल्ला, आबुखैरेनी गाउँपालिका, वडा नं. २ को मार्खिचोक आसपास क्षेत्र ।
(पोखरा-मुग्लिङ्ग सडक खण्डबाट बढीमा ५०० मिटरको दुरीमा भएको) ।

**२. न्यूनतम आधारभूत कुराहरु:**

- भाडामा लिने प्रस्तावित फ्ल्याट/घर कम्तिमा १० धुर क्षेत्रफलमा बनेको पक्की घर हुनुपर्ने ।
- कम्तिमा २ वटा शयन कक्ष, १ वटा भान्छा कोठा, १ वटा हल र १ वटा शौचालय भएको ।
- RCC Frame Structure भएको ।
- पानीको पर्याप्त श्रोत तथा फोहर व्यवस्थापनको सुविधा भएको ।
- कम्तिमा १ वटा गाडी तथा २ वटा मोटरसाईकल पार्किङ्ग स्थल भएको ।

**३. प्रस्तावका साथ संलग्न हुनुपर्ने कागजातहरु:**

- घरको फोटो र घरको स्वीकृत नक्शाको प्रतिलिपी ।
- लालपूर्जा तथा घरधनीको नागरिकताको प्रतिलिपी ।
- घरजग्गा कर तिरेको रसिद/निस्साको प्रतिलिपी ।

**४. थप जानकारी:**

- सिलबन्दी निवेदन दर्ता गर्ने र खोल्ने दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिन दर्ता/खोलिनेछ ।
- माथि उल्लेखित स्थानमा दर्ता हुन आएका सिलबन्दी प्रस्तावहरु प्रस्ताव पेश गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १:०० बजे विभागको कार्यालयमा खोलिनेछ । प्रस्तावकहरुको अनुपस्थितिमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन ।
- घरभाडामा दिने न्यूनतम अवधि १ वर्ष रहने र आपसी समझदारीमा र कार्यालयको आवश्यकता अनुसार सो अवधि पछि घरभाडा सम्झौता नवीकरण गर्न सकिने छ ।
- शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट माथि उल्लेखित समयमा दर्ता गर्न र खोल्न सकिनेछ ।
- प्रस्तावित घर कुनै प्रकारको झै-झगडा तथा मुद्दा मामिला नभएको भनी घरधनीको हस्ताक्षर सहितको स्व:घोषणा पत्र ।
- प्राप्त भएको प्रस्ताव पूर्ण तथा आंशिक रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस विभागमा निहित रहनेछ । साथै म्याद नाघी आएको वा रीत नपुगेको प्रस्ताव माथि कुनै कारबाही गरिने छैन । अन्य कुरा बुझ्नु परेमा तल उल्लेखित ठेगानामा वा विभागको कार्यालय, मातातीर्थमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

कार्यालयको सम्पर्क इमेल : **ssemd@nea.org.np**
फोन नं. :०१-५९०२०१५

नेपाल विद्युत प्राधिकरण स्था:२०४२ NEPAL ELECTRICITY AUTHORITY ESTD 1985 सामाजिक सुरक्षण तथा वातावरण व्यवस्थापन विभाग